# स्थानीय राजपत्र

## शिवपुरी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८) शेरावगर, नुवाकोट, २०८१ साल पुष २९ गते (संख्याः १८


# भाग – २

**शिवपुरी गाउँ कार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि बनाएको हुनाले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।**

## शिवपुरी ग्रामीण आँखा केन्द्र सञ्चालन तथा ब्यवस्थापन कार्यविधि, २०८१

स्वीकृत मितिः २०८१/०९/२८

**१. प्रस्तावनाः**

शिवपुरी गाउँपालिकाक्षेत्र भित्र आँखा सम्बन्धि समस्याहरु भएका धेरै नागरिकहरु रहेका छन् । शिवपुरी गाँउपालिकामा ग्रामीण आँखा केन्द्र सञ्चालनको लागि शिवपुरी गाँउपालिका, नेपाल आँखा कार्यक्रम तिलगंगा आँखा प्रतिष्ठान, काठमाडौं र जिल्ला सामुदायिक आँखा केन्द्र, नुवाकोट बीचको सहकार्य र समन्वयमा आँखा उपचार सेवालाई प्रभावकारी र व्यवस्थित तवरले संचालन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी कार्यापालिकाले यो **"शिवपुरी ग्रामीण अँखा केन्द्र सञ्चालन तथा ब्यवस्थापन कार्यविधि, २०८१"** तयार गरिएको छ ।

### परिच्छेद - १

## प्रारम्भिक

**२. संक्षिप्त नाम र प्रारम्भः**

क) यो कार्यविधिको नाम "**शिवपुरी ग्रामीण आँखा केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१**" रहेको छ ।

ख) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरी स्थानीय राजपत्रमा प्रकाशित भएको मिति बाट लागु हुनेछ ।

**३. परिभाषाः** विषय वा प्रशंगले अर्को अर्थ लागेमा यस कार्यविधिमाः

क) **"केन्द्र"** भन्नाले शिवपुरी ग्रामीण आँखा केन्द्रलाई जनाउँछ ।

ख) **"जनशक्ति"** भन्नाले ग्रामीण आँखा केन्द्रमा कार्यरत रहने अप्थाल्मिक असिस्टेन्ट र अप्टिकल फिटरलाई सम्झनु पर्छ ।

ग) **"पदाधिकारी"** भन्नाले गाँउपालिका अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, वडा सदस्य र कार्यपालिका सदस्य समेतलाई जनाउनेछ ।

घ) **"गाउँपालिका"** भन्नाले शिवपुरी गाउँपालिकालाई सम्झनु पर्छ ।

ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

च) **"सेवा शुल्क"** भन्नाले आँखा केन्द्रबाट बिरामीलाई सेवा गरेवापत सेवाग्राहीले गाँउपालिकालाई बुझाउनु पर्ने गरी समितिले तोकेको शुल्क सम्झनु पर्छ ।

ज) **"सेवा"** भन्नाले आँखा केन्द्रबाट विरामीलाई दिने सम्पूर्ण सेवा सम्झनु पर्छ ।

झ) **"कार्यक्षेत्र"** भन्नाले शिवपुरी गाउँपालिका भित्रका सबै वडाहरुलाई सम्झनु पर्नेछ ।

ञ) **"आधिकारिता"** भन्नाले शिवपुरी आँखा केन्द्र कानुनी रुपमा शिवपुरी गाउँपालिका, नुवाकोट, नेपाल आँखा कार्यक्रम तिलगँगा आँखा प्रतिष्ठान र जिल्ला सामुदायिक आँखा केन्द्र, नुवाकोटको सहकार्यमा संचालन भएको मानिने छ ।

ट) **"समिति"** भन्नाले शिवपुरी ग्रामीण आँखा केन्द्रको व्यवस्थापन तथा सञ्चालन समितिलाई बुझ्नु पर्दछ ।

## परिच्छेद - २
## आँखा केन्द्र व्यवस्थापन तथा संचालन

**४. शिवपुरी ग्रामीण आँखा केन्द्रको व्यवस्थापन तथा संचालन समितिको गठनः**

(१) यस केन्द्र सञ्चालनको लागि ७ (सात) सदस्यीय व्यवस्थापन तथा सञ्चालन समिति गठन रहने छ । उक्त समिति देहाय बमोजिम हुनेछः

| | |
|---|---|
| क) गाउँपालिकाको अध्यक्ष | अध्यक्ष |
| ख) गाउँपालिकाको उपाध्यक्ष | सह संयोजक |
| ग) प्रतिनिधि (नेपाल आँखा कार्यक्रम तिलगंगा आँखा प्रतिष्ठान) | सदस्य |
| घ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ङ) सामाजिक विकास समिति संयोजक | सदस्य |
| च) सम्बन्धित पालिकाको स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| छ) अध्यक्षबाट मनोनित स्थानीय महिला समाजसेवी | सदस्य |
| ज) महिला स्वास्थ्य स्वयम् सेविकामध्येबाट समितिले मनोनयन गरेको १ जना | सदस्य |
| झ) शिवपुरी ग्रामीण आँखा केन्द्रको प्रमुख | सदस्य सचिव |

(२) उपनियम (१) बमोजिमको आँखा केन्द्र व्यवस्थापन तथा सञ्चालन समितिको कुल सदस्य संख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(३) बैठकमा आवश्यकतानुसार अन्य पदाधिकारी एवं विषय विज्ञ समेतलाई आमन्त्रण गर्न सकिनेछ।

(४) समितिले आँखा केन्द्रको अनुगमन तथा सुपरिवेक्षण गर्नेछ ।

## परिच्छेद - ३
## समितिको काम कर्तव्य र अधिकार

**५. ग्रामीण आँखा केन्द्रको व्यवस्थापन तथा संचालन समितिको कर्तव्य र अधिकारहरु तपसील बमोजिम हुनेछः**

क) आँखा केन्द्र सञ्चालनको लागि भौतिक पूर्वाधारको व्यवस्था गर्ने ।

ख) प्रचलित ऐन नियमको अधिनमा रही केन्द्रमा कार्यरत जनशक्तिहरुको नियुक्ति, सेवा सुविधा निर्धारण र परिचालन गर्ने ।

ग) केन्द्रको आर्थिक कारोबार गर्ने साथै यस सम्बन्धमा नेपाल सरकारले तोकेको ऐन, नियम, नीति निर्देशन लगायत कानुनी दायित्वको बहन गर्ने ।

घ) आन्तरिक तथा बाह्य स्रोतबाट संकलित रकमबाट केन्द्र संचालन गर्ने ।

ङ) केन्द्रमा आवश्यक पर्ने चश्मा तथा औषधि साथै आवश्यक पर्ने अन्य उपकरण व्यबस्था गर्ने ।

च) केन्द्रबाट संचालन हुने कार्यक्रमहरुको निर्माण,संचालन,अनुगमन तथा मुल्याङ्कन गर्ने ।

छ) केन्द्रको अत्मनिरभरताको लागि आवश्यक भौतिक पूर्वाधार, केन्द्र तथा कार्यरत कर्मचारीहरुको वृध्दि विकासको लागि श्रोत तथा साधनहरुको व्यवस्था गर्ने ।

ज) तिलगंगा आँखा प्रतिष्ठानको सामुदायिक आँखा केन्द्र र जिल्लाभित्र रहेका सम्बन्धित कार्यालय तथा स्वास्थ्य संस्थाहरुमा आँखा स्वास्थ्य सेवा सुधार गर्न आवश्यक समन्वय गर्ने।

झ) केन्द्र सञ्चालनमा आएको बाधा फुकाउने ।

ञ) आँखा केन्द्रको दैनिक प्रशासनिक,प्राविधिक,आर्थिक कार्यको अनुगमन तथा मुल्याङ्कन गर्ने।

ट) केन्द्रमा भए गरेका प्रगति विवरण मासिक रुपमा गाउँपालिका,सामुदायिक आँखा केन्द्र र सरोकारवाला निकायमा पठाउने व्यबस्था मिलाउने ।

ठ) केन्द्रको आय व्ययको बार्षिक लेखा परीक्षण गरी उक्त लेखा परीक्षणबाट प्राप्त प्रतिवेदनमा छलफलका लागि कार्यपालिकामा पेश गर्न लगाउने ।

ड) आवश्यकता अनुसार समिति र सरोकारवालाहरुको बैठक बस्ने।

६. **आँखा केन्द्रको कार्यक्षेत्रः** ग्रामीण आँखा केन्द्रले देहाय बमोजिमको कार्यहरु गर्नेछः

क) सबै जनताको पहुँचमा पुर्याउन सर्वसुलभ मूल्यमा गुणस्तरीय आँखा स्वास्थ्य सेवा प्रदान गर्ने ।

ख) आँखा स्वास्थ्य सेवा कार्यक्रमलाई प्रवर्द्धन गर्न निरन्तर रुपमा समुदायको सहभागिता र सहकार्यलाई ग्राहयता दिने ।

ग) आँखा स्वास्थ्य सम्बन्धि विभिन्न कार्यक्रमहरु संचालन गर्ने ।

घ) आँखा स्वास्थ्य सेवालाई प्रभावकारी रुपमा संचालन गर्न आँखा सेवा प्रदायक तथा नेपाल सरकारको स्वास्थ्य संस्थासँग समन्वय गर्ने ।

ङ) गुणस्तरीय आँखा स्वास्थ्य सेवालाई उच्च सेवा तर्फविस्तार गर्दै लैजाने ।

च) केन्द्रमा भइरहेको प्रगति विवरण आवश्यकता अनुसार मासिक,त्रैमासिक,अर्ध वार्षिक तथा वार्षिक रुपमा सम्बन्धित संस्थाहरुमा पठाउने ।

छ) केन्द्रबाट खरिद गरिएका तथा अन्य संघ संस्थाहरुबाट प्राप्त जिन्सी सामानहरुको अभिलेख व्यवस्थापन गर्ने ।

## परिच्छेद - ४
## सेवा सुविधाहरु तथा कार्यक्रमहरु

**७. आँखा केन्द्रमा उपलब्ध हुने आँखा स्वास्थ्य सेवाहरुः**

क) बिरामीको दृष्टि तथा चश्मा जाँच

ख) बिरामीको आँखा सम्बन्धि रोगहरुको परीक्षण तथा उपचार

ग) आँखाको सामान्य शल्यक्रिया

घ) सर्ब सुलभ मुल्यमा औषधि तथा चश्माको बिक्री वितरण

ङ) जटिल समस्या भएका बिरामीलाई थप सेवाको लागि सुविधा सम्पन्न आँखा अस्पतालमा प्रेषण

च) आँखा रोग सम्बन्धि आकास्मिक सेवा प्रदान गर्ने

**८. कार्यक्रमहरुः** आँखा केन्द्रले तिलगंगा आँखा प्रतिष्ठान सामुदायिक आँखा केन्द्र नुवाकोट र अन्य संघ संस्थासँग समन्वय गरी निम्नानुसारको कार्यक्रमहरु गर्नेछः

क) आँखा उपचार सेवाको पहुँच नपुगेको ठाँउहरुमा आँखा शिविर संचालन गर्ने

ख) विभिन्न माध्यमबाट आँखा सम्बन्धि जनचेतनामुलक कार्यक्रम गर्ने

ग) विध्यालयहरुमा आँखा परीक्षण तथा आँखा स्वास्थ्य शिक्षा कार्यक्रमहरु गर्ने

घ) समुदायमा आधारित स्वास्थ्य तथा अन्य सहकर्मीहरुलाई आँखा सम्बन्धि जनाचेतना तथा क्षमता अभिवृद्धि गर्ने कार्यक्रम संचालन गर्ने

ङ) तिलगंगा आँखा प्रतिष्ठान सामुदायिक आँखा केन्द्र नुवाकोट र अन्य संघ संस्थासँग समन्वय गरी आँखा स्वास्थ्यष सम्बन्धि विभिन्न परियोजनहरु संचालन गर्ने

## परिच्छेद - ५
## आर्थिक प्रशासन सम्बन्धि व्यबस्था

**९. आर्थिक कारोबारः**

१) आँखा केन्द्रको आर्थिक कारोबार बैंक मार्फत हुनेछ ।

२) यस केन्द्रको आफ्नो छुट्टै बैंक खाता हुनेछ ।

३) केन्द्रको बैंक खाता संचालन तथा व्यवस्थापन आँखा केन्द्र ईञ्चार्ज र गाउँपालिकाको लेखा प्रमुखको संयुक्त दस्तखतबाट आर्थिक कारोबार हुने गरि बैंक खाता संचालन हुनेछ।

४) बैंक खातामा आन्तरिक सेवाहरु तथा बाह्य निकायहरुबाट संकलित रकम दाखिला गरिनेछ ।

५) केन्द्रमा दैनिक प्राप्त वा आम्दानी भएको रकम विशेष परिस्थिति बाहेक नगद प्राप्त भएको प्रत्येक दिन बैंकमा दाखिला गर्नु पर्नेछ ।

६) यस केन्द्रको आफ्नै छाप र लेटरप्याडको साथै आर्थिक कारोबार गर्ने अधिकार हुनेछ । प्रत्येक महिना शिवपुरी गाउँपालिकाको शिवपुरी ग्रामीण आँखा केन्द्रको बैक खातामा आम्दानी दाखिला गर्नु पर्नेछ ।

७) आँखा जाँच गर्न आउने सेवाग्राहीहरुलाई अनुसूची-१ र अनुसूची-२ अनुसार दर्ता शुल्क तथा सेवा शुल्क बापत रकम लिन सकिने छ ।

८) "क" वर्गका अपाङ्गलाई (रातो कार्डवाला) सबै आँखा सेवाहरु निःशुल्क रुपमा सेवा प्रदान गरिने छ ।

९) गाउँपालिकाले आँखा केन्द्रलाई थप सुदृढ र व्यवस्थित गर्न थप बजेट व्यवस्था गर्नेछ।

१०) आँखा जाँच पछि प्रदान गरिने चश्मा तिलगंगा आँखा प्रतिष्ठान जिल्ला सामुदायिक आँखा केन्द्र र शिवपुरी गाउँपालिकाले तोकेको मुल्यमा बिक्री गर्नु पर्नेछ र बिक्रीमा तोकेको मूल्यमा बढीमा १५ प्रतिशत सम्म छुट दिन सक्नेछ ।

११) आँखा केन्द्रले आवश्यकतानुसार सामान,औषधि तथा उपकरणहरु गाउँपालिकासँग समन्वय गरी खरिद गर्न सक्नेछ ।

१२) बिग्रेका तथा काम नलाग्ने सामाग्रीहरुको लिलाम तथा बिक्री गरि प्राप्त रकम बैक खातामा दाखिला गर्नु पर्नेछ ।

## परिच्छेद - ५
## विविध

१०. सञ्चालन तथा व्यबस्थापन समितिले आँखा केन्द्रको गतिविधि तथा कार्यक्रमहरुको आवश्यक समन्वय जिल्ला सामुदायिक आँखा केन्द्र नुवाकोटसँग गर्न सकिनेछ ।

११. सरोकारवाला निकायहरु बीच बार्षिक कार्ययोजना तथा प्रगतिहरुको बारेमा समीक्षा गोष्ठी गरिनेछ ।

१२. आँखा केन्द्र संचालनमा माथि उल्लेखित भन्दा बाहेक अन्य कार्यहरु गर्नु पर्ने भएमा तिलगंगा आँखा प्रतिष्ठान काठमाडौं, सामुदायिक आँखा केन्द्र नुवाकोट र शिवपुरी गाउँपालिकाको कार्यपालिकाको बैठक र कार्यविधि अनुसार गरिनेछ ।

१३. सम्झौतामा उल्लेख हुने सम्पूर्ण सहमति पक्षहरुले आफ्नो जिम्मेवारी बहन नगरेमा त्यसबाट हुने सम्पूर्ण क्षतिपूर्ति सोही पक्षबाट असुल उपर गर्नु पर्नेछ ।

१४. आँखा केन्द्रको सम्पूर्ण भौतिक तथा जिन्सी सामाग्रीहरुको रेखदेख,सुरक्षा र आर्थिक हिसाब राख्ने जिम्मेवारी आँखा केन्द्रको हुनेछ ।

**१५. खारेज तथा बचाउः** यो कार्यविधि अन्य कुनै ऐन, नियम, कार्यविधिसँग बाँझिएमा स्वतः निष्क्रिय हुनेछ

**१६. संशोधनः** यो कार्यविधि आवश्यकतानुसार कार्यपालिकाबाट संशोधन गर्न सक्नेछ ।

## अनुसूची १

(कार्यविधिको नियम ९ को उप नियम ७,८ र १० सँग सम्बन्धित)

सेवा शुल्क सम्बन्धि दर रेट

आँखा केन्द्रमा सेवा लिन आउने बिरामीहरुको बिरामी दर्ता तथा सेवा शुल्क दर रेटः

| क्र.सं. | सेवाको प्रकार | लाग्ने सेवा शुल्क दर रु | कैफियत |
|---|---|---|---|
| १ | दर्ता शुल्क | ५० | १५ दिन पछि पुनः शुल्क लाग्नेछ । |
| २ | आकस्मिक शुल्क | १०० | |
| ३ | Foreign Body Removal charge | १०० | |
| ४ | Pad and Bandaging charge | १०० | |
| ५ | Schirmer's test charge | ५० | |
| ६ | Eye Syringing | १०० | |
| ७ | Minor surgery | ५०० | |
| ८ | Tonometry | १०० | |

अनुसूची-२

(कार्यविधिको नियम ९ को उप नियम ७, ८ र १० सँग सम्बन्धित)

सेवा शुल्क सम्बन्धि दर रेट

| क्र.सं. | सेवा शुल्क | दर (रु.) | कैफियत |
|---|---|---|---|
| 1 | Plastic Frame | 400 | |
| 2 | Flexible Plastic frame | 800 | |
| 3 | Metal Frame with spring | 900 | |
| 4 | Metal Frame (plane) | 700 | |
| 5 | Half Rim Frame | 800 | |
| 6 | Baby Frame(Plastic) | 300 | |
| 7 | Baby Frame (Flexible) | 600 | |
| 8 | Baby Frame(Rubber temple) | 1000 | |
| 9 | BRC Readymade (Plastic) | 600 | |
| 10 | Reading glass | 250 | |
| 11 | Reading Bifocal | 400 | |
| 12 | Glass HC | 500 | |
| 13 | BRC Glass | 700 | |
| 14 | ARC Glass | 700 | |
| 15 | HC Bifocal | 500 | |
| 16 | Progressive Glass | 3000 | |
| 17 | PG (Changeable) | 1000 | |
| 18 | Cataract Glass | 250 | |
| 19 | Sun Glass(Ladies) | 600 | |
| 20 | Sun Glass(Metal) | 700 | |
| 21 | Sun Glass(High Quality) | 1000 | |

**आज्ञाले,**
**बद्रिनाथ लम्साल**
**प्रमुख प्रशासकीय अधिकृत**